नेपाल बीमक संघ
Nepal Insurers' Association

जि.प्र.का. काठमाडौं दर्ता नं.: ५०१/०५३/५४
स.क.प. दर्ता नं.: ४१४७४
स्थायी लेखा नं. ६०२९०६२६३
त्रिपुरेश्वर, काठमाडौं

पत्र संख्या:
चलानी नं.

मिति: २०८३/०५/१०

# प्रेस बिज्ञप्ती

संम्वत् २०८३ साल भदौ १० गते रसुवा जिल्लाको सिमा क्षेत्र रसुवागढी र तल्लो तटिया क्षेत्रमा भोटेकोशी नदीमा आएको भीषण बाढीबाट भएको जनधनको क्षतिप्रति नेपाल बीमक संघ गहिरो दु:ख व्यक्त गर्दछ । यस विपद्का कारण ज्यान गुमाउनुभएका सम्पूर्ण मृतकहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दैछौं । साथै, घाईते तथा प्रभावित सम्पूर्ण नागरिकको शीघ्र स्वास्थलाभ तथा सुरक्षित पुन : स्थापनाको कामना गर्दछौं ।

यस विपद्का कारण नागरिक तथा व्यवसायीका घर, भवन, सवारी साधन, उद्योग-व्यवसाय तथा अन्य सम्पत्तिमा पुगेको क्षतिप्रति नेपाल बीमक संघको गम्भीर ध्यानाकर्षण भएको छ। यस्तो कठिन परिस्थितिमा बीमा क्षेत्र प्रभावित बीमित तथा सर्वसाधारणको साथमा रहेको र बीमाबाट सुरक्षित सम्पत्तिमा भएको क्षतिको जोखिम बहन गर्न प्रतिवद्ध रहेको व्यहोरा समेत अवगत गराउन चाहन्छौं ।

यस प्राकृतिक विपद्बाट बीमा गरिएको आफ्नो सम्पत्ति, सवारीसाधन, व्यवसाय वा अन्य बीमित सम्पत्तिमा क्षति पुगेका सम्पूर्ण बीमितहरुलाई सम्बन्धित बीमा कम्पनीमा यथाशिघ्र सम्पर्क गरि बीमा दावी भुक्तानी कार्यमा सहजिकरण गरिदिनु हुन नेपाल बीमक संघ हार्दिक अनुरोध गर्दछ । साथै, प्रभावित बीमितहरुलाई दावी प्रकृयामा आवश्यक सहजीकरण तथा सहयोग गर्न सम्बन्धित बीमा कम्पनीहरुलाई नेपाल बीमक संघ अनुरोध गर्दछ । यस कठिन घडीमा बीमितहरुको क्षतिको यथाशिघ्र मूल्यांकन तथा दावी फछ्यौंट प्रकृयालाई प्रभावकारी रुपमा अघि बढाउन संघले आवश्यक समन्वय गर्नेछ ।

यस दु:खद घडीमा नेपाल बीमक संघ प्रभावित नागरिक तथा व्यवसायीहरु सँगै रहेको प्रतिवद्धता व्यक्त गर्दछ ।

| | | |
|---|---|---|
| सुनिल वल्लभ पन्त | अशोक कुमार खड्का | वीरेन्द्र बैदवार क्षेत्री |
| महासचिव | उपाध्यक्ष | अध्यक्ष |